# कचनकवल गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय,**

**बनियानी, झापा**

गाउँसभामा कचनकवल गाउँपालिका उपाध्यक्ष श्री नवराज भट्टराई
ज्यू द्वारा मिति २०७९ असार १० गते
प्रस्तुत गरिएको



बजेट वक्तव्य

आ.व. २०७९/०८०

# आर्थिक वर्ष २०७९/०८० को वजेट वक्तव्य

गाउँ सभाध्यक्ष ज्यू,
गाउँ सभा सदस्य ज्यूहरु,
सम्पुर्ण कर्मचारी तथा संचारकर्मी ज्यूहरु,

नेपाली जनतावाट निवार्चित निकाय संविधान सभावाट २०७२ आश्विन ३ गते जारी भएको नेपालको संविधान वमोजिम संघियताको कार्यन्वयनको क्रममा २०७९ बैशाख ३० गते सम्पन्न स्थानीय तहको दोस्रो निर्वाचनवाट यस गाउँसभामा २०७९/८० को वजेट प्रस्तुत गर्न पाएकोमा मलाई हर्षको अनुभुति भएको छ । लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि विभिन्न कालखण्डमा भएका आन्दोलनमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पुर्ण ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु ।

नेपाली जनताले पटक पटक गरेका ऐतिहासिक आन्दोलन, संघर्ष, त्याग र बलिदानको गौरवशाली इतिहासलाई स्मरण गर्दै शहिदहरु प्रति उच्च सम्मान गर्दै नेपालको संविधान २०७२ प्रति अगाध, विश्वास र लोकतन्त्र एवं प्रजातान्त्रिक आचरण सामाजिक, आर्थिक न्याय तथा लोकतान्त्रिक मुल्य मान्यतामा आधारित समाजवादप्रति प्रतिवद्ध रहदैं समुन्नत संघीय शासन प्रणालीको माध्यमबाट न्यायपुर्ण विभेदरहित, समतामुलक, सबल र समृद्ध कचनकवल गाउँपालिका निर्माण गर्न आपसी संवाद सहमति र सहकार्य मार्फत राजनीतिक सहकार्यको संस्कृतिको विकास गर्दै कचनकवल गाउँपालिकालाई **"दिगो सुशासन, पारदर्शी प्रशासन, कृषि, पर्यटन, शिक्षा, स्वस्थ्य र पूर्वाधारको दिगो विकास कचनकवलको अभियान"** भन्ने मूलभूत नारालाई सार्थक तुल्याउन सामाजिक तथा आर्थिक अवस्थालाई समेत गतिशिल तुल्याउदैं विकास निर्माणका कार्यलाई निरन्तर रुपमा अगाडी वढाउने विश्वासका साथ आर्थिक वर्ष २०७९/८० को लागि कचनकवल गाउँपालिकाको गरिमामय सभासमक्ष आय/व्यय (चालु र पुँजीगत) विवरण सार्वजनिक गर्न उपस्थित भएको छु ।

समग्र कचनकवलको दिगो विकास गरि सम्मुन्नत कचनकवल निर्माण गर्नको लागि कृषि, शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधार, गरीबी निवारण, वन तथा वातारण, सामाजिक विकास, फरक क्षमता भएका नागरिक, आय आर्जन वृद्धि जस्ता कार्यक्रमलाई प्राथमिकताका साथ वजेट विनियोजनको व्यवस्था गरिएको छ । आम कचनकवल वासीहरुलाई सर्वविदितै छ, हाम्रो सिमित स्रोत साधनवाट हाम्रा थुप्रै विकासका चाहनाहरुलाई परिपूर्ति गर्नुपर्ने हाम्रो जिम्वेवारी छ । यो अभिभारालाई समग्र कचनकलव वासीहरुको साथ र सहयोगवाट प्रथमिकता निर्धारण गर्दै दिगो विकास लक्ष्य पूरा गर्ने अभिभारा तपाई हाम्रो सामु छ । यी सबै कामहरुलाई व्यवस्थित ढङ्गले पुरा गर्नलाई आवश्यक वजेट विनियोजनमा जोड दिएको छु । स्वास्थ्यका लागि खेलकुद भन्ने नाराका साथ अगाडि बढाउन वजेटमा व्यवस्था गरिएको छ । स्वच्छ खानेपानीका लागि निर्माणाधिन खानेपानी आयोजनाहरुलाई साझेदारी निकायसंगको सहकार्यमा अविलम्ब संचालन गर्न वजेटले व्यवस्था गर्ने वातावरण तयार गरिएको छ ।

कचनकवलवासीको हितका लागि गर्नुपर्ने धेरै कामहरु भए तापनि अहिले हाम्रो वजेट तथा कार्यक्रम मार्फत समेट्न नसकिएका विषय र क्षेत्रहरुलाई आगामी दिनहरुमा निरन्तर समेट्दै जाने प्रतिवद्धता व्यक्त गर्दछु ।

यस कचनकवल गाउँपालिकाको दिगो विकासका लागि गाउँपालिकाको आन्तरिक स्रोत, संघीय तथा प्रदेश सरकारको स्रोत वाडफाँटवाट र राजस्व वाडफँटवाट प्राप्त हुने रकम, संघीय तथा प्रदेश सरकारवाट प्राप्त वित्तिय समानीकरण अनुदान, समपुरक तथा ससर्तमा उल्लेखित कार्यक्रम समेतका आधारमा आर्थिक वर्ष २०७९/८० मा संचालन हुने कार्यक्रमहरु तयार पारेको छु । आगामी आर्थिक वर्षको वजेट तथा कार्यक्रम निर्माणको क्रममा नेपालको संविधान २०७२ मा भएका व्यवस्थाहरु तथा संविधानको अनुसूची ८ को स्थनीय तहको एकल अधिकार र अनुसूची ९ को साझा अधिकारमा रहेका अनुसूचीहरुमा भएका व्यवस्था दिगो विकासका लक्ष्यहरु स्थानीय सरकार संचालन ऐन संघीय सरकार र प्रेदश नं. १ सरकारको समय समयमा प्राप्त भएका मार्ग दर्शन र परिपत्र साथै गाउँपालिकाले आयोजना गरेको वजेट सम्बन्धि विभिन्न विषयगत छलफल कार्यक्रमवाट प्राप्त राय, सुझावहरु सभावाट प्राप्त सुझावहरु दिर्घकालीन सोचले निर्दिष्ट गरेका विषय वस्तुहरु यस कचनकवल गाउँपालिकाका आम नागरिक, राजनैतिक दल, भातृ संगठन, सामाजिक संघ संस्थाहरु ७ वटै वडाहरु, संचार माध्यम, पत्रकार, आम वुद्धिजिवी वर्ग, टोल वस्तीहरुवाट आएका विषयवस्तुहरुलाई समेत यो वजेट निर्माणका क्रममा आधार लिएर तयार पारेको छु ।

## गाउँ सभासदस्य ज्यूहरु,

अव म वजेटका उद्देश्य तथा प्राथमिकताहरु प्रस्तुत गर्दछु । वजेटका उद्देश्यहरु यस प्रकार रहेका छन्:

१. उत्पादनशिल क्षेत्रको उच्चतम परिचालन गरि गुणस्तरिय उत्पादन र उत्पादकत्वमा वृद्धि गर्दै समतामुलक आर्थिक विकासको आधार तयार गर्न ।
२. गुणस्तरीय शिक्षा, स्वास्थ्य तथा खानेपानीको सुनिश्चितता गर्दै सामाजिक न्याय सहितको सम्मुन्नत समाज निर्माण गर्न ।
३. गुणस्तरिय पूर्वाधारको विकास गर्नु ।
४. वातावरणिय सन्तुलन कायम गर्दै प्राकृतिक स्रोतको दिगो व्यवस्थापन गर्नु ।
५. कृषि पर्यटनको दिगो विकास गर्नु ।
६. आर्थिक समृद्धि हासिल गर्नु ।
७. गाउँपालिकाले तय गरेको कचनकवल समृद्धिको आधार **"दिगो सुशासन, पारदर्शी प्रशासन, कृषि, शिक्षा, स्वस्थ्य र पूर्वाधारको दिगो विकास कचनकवलको अभियान"** भन्ने नारालाई आत्मसाथ गर्न ।

### वजेटका प्रथमिकताहरु

१. कृषिको आधुनीकिकरण, व्यवसायिकरण तथा उत्पादन वृद्धि
२. शिक्षा र स्वास्थ्यको गुणस्तर अभिवृद्धि

३. सामाजिक तथा आर्थिक विकास
४. संस्थागत क्षमता विकास, सेवा प्रवाह, प्रभावकारिता र सुशासन
५. लक्षित तथा विपन्न वर्गको सशक्तिकरण तथा क्षमता विकास
६. हरियाली प्रवर्द्धन, पर्यटन केन्द्रको विकास सहित आर्थिक विकास
७. वातारण संरक्षण, विपद व्यवस्थापन
८. भौतिक पूर्वाधार निर्माण एवं स्तर उन्नती
९. कृषि औधोगिकरण तथा यूवा रोजगारीमा वृद्धि
१०. गरिव, विपन्न तथा अशक्तमैत्री कार्यक्रम
११. महिला आय आर्जन तथा सशक्तिकरण
१२. सेवा प्रवाह, सुशासन र पारदर्शीता

सभाध्यक्ष ज्यू,

गाउँसभा सदस्य ज्यूहरु,

अब म संघीय सरकार, प्रदेश नं. १ सरकार, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग समेतवाट प्राप्त मार्ग निर्देशन वजेटको परिधि भित्र रहि यस गरिमामय गाउँसभा मार्फत आ.व. २०७९/०८० को लागि (चालु तथा पूँजीगत समेत) कुल रु ५१,३३,४४,०००/- ( अक्षरेपी एक्काउन्न लाख तेत्तीस लाख चौवालिस हजार) को सीमा भित्र रहि बजेट प्रस्तुत गर्दछु । उक्त वजेट सीमामा सामाजिक सुरक्षा भत्ता वापत अनुमानित प्राप्त हुने वजेट समावेश गरिएको छैन ।

**(क) वित्तीय समानकिरण अनुदान वापत प्राप्त हुने अनुमानित रकम (संघ तथा प्रदेश)**

वित्तीय समानीकरण अनुदान निशर्त प्रकृतिको अनुदान भएको र यस शीर्षक अन्तर्गत संघीय सरकार तथा प्रदेश नं. १ सरकारवाट प्राप्त सम्पुर्ण अनुदानलाई भौतिक पूर्वाधार, आर्थिक विकास, सामाजिक विकास तथा अन्य तोकिए बमोजिमका कार्यक्रम ( पूँजीगत) खर्च तर्फका कार्यहरुका लागि तथा वडाका योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्न विनियोजन गरेको छु । यस शीर्षक अन्तर्गत संघिय सरकारवाट प्राप्त हुने रु १४,३१,००,०००/- (चौध करोड एकतीस लाख) तथा प्रदेश नं. १ सरकारवाट प्राप्त हुने अनुमानित रकम रु १००,००,०००/- (एक करोड) गरि जम्मा रु १५,३१,००,०००/- (पन्ध्र करोड एकतीस लाख) को वजेट विनियोजन गरेको छु ।

**(ख) राजस्व वाँडफाँट प्राप्त हुने अनुदान (संघ र प्रदेश)**

यस शीर्षक अन्तर्गत संघीय सरकारको राजस्व वाँडफाँटवाट प्राप्त हुने अनुमानित अनुदान रु १०,६७,४४,०००/- ( दश करोड सत्सठ्टी लाख चौवालिस हजार) कार्यालयको चालु तथा कार्यक्रम तर्फ खर्च गर्ने गरि वजेट विनियोजन गरेको छु । साथै प्रदेश नं. १ सरकारको सवारी कर तथा राजस्व वाँडफाँटवाट प्राप्त हुने अनुमानित अनुदान रु ८०,००,०००/- (अस्सी लाख) तथा घर, जग्गा,

रजिष्ट्रेशन दस्तुरवाट प्राप्त हुनेलाई चालु तथा कार्यान्वयन खर्चमा खर्च गर्ने गरि वजेट रु ११,४७,४४,०००/- (अक्षरेपी रु एघार करोड सत्तचालीस लाख चौवालिस हजार ) विनियोजन गरेको छु ।

**(ग) गाउँपालिका विभिन्न कर तथा स्रोतवाट प्राप्त हुने अनुमानित रकम ( आन्तरिक आय )**

यस शीर्षक अन्तर्गत गाउँपालिकाका विभिन्न कर तथा स्रोतहरुवाट प्राप्त हुने अनुमानित गरिएको रकम रु २००,००,०००/- ( दूई करोड) प्राप्त हुने अपेक्षा गरेको छु । उक्त शीर्षकवाट प्राप्त हुने रकमलाई चालु तथा पूँजीगत शीर्षक एवं कार्यक्रम तर्फ खर्च गर्ने गरी वजेट विनियोजन गरेको छु ।

**(घ) गाउँपालिकाको स्थानीय सञ्चित कोष एवं गाउँ तथा वडाको २०७८/०७९ को वाँकी रहने अनुमानित रकम**

आ.व. २०७८/०७९ को अन्त्यसम्म खर्च भई गाउँपालिकाको स्थानीय कुल सञ्चित कोषमा वाँकी रहने (सशर्त, समपुरक र विशेष अनुदान वाहेकका रकम) गाउँ तथा वडाको दायित्वमा रहने अनुमानित रकम रु. १००००००००। (एक करोड) रकमलाई गाउँपालिकाको चालु तथा पूँजीगत शीर्षकतर्फ खर्च गर्ने गरी बजेट विनियोजन गरेको छु ।

**(ङ) समपुरक तथा विशेष अनुदानवाट प्राप्त हुने अनुमानित रकम (संघ र प्रदेश)**

यस शीर्षक अन्तर्गत संघिय सरकारको समपुरक अनुदान (पूँजीगत) मार्फत रकम रु........ तथा विशेष अनुदान (पूँजीगत) को रकम रु....... र प्रदेश नं. १ सरकारको समपुरक अनुदान (पूँजीगत) मार्फत रकम रु......... तोकिए अनुसारको पूँजीगत शीर्षकमा खर्च गर्ने गरी वजेट विनियोजन गरेको छु । हालसम्म योजना समावेश भएको जानकारी प्राप्त नभएको हुँदा बजेट अंक रकम समावेश गरिएको छैन।

**(च) सशर्त अनुदान वापत प्राप्त हुने अनुमानित रकम ( संघ र प्रदेश )**

यस शीर्षक अन्तर्गत संघिय सरकारबाट तोकिए बमोजिमको योजना तथा कार्यक्रम सम्पन्न गर्न चालु खर्च तर्फ रकम रु २२,७८,००,०००/- ( बाइस करोड अठहत्तर लाख) र पूँजीगत खर्च रकम रु १,२७,००,०००/- (एक करोड सत्ताइस लाख) समेत गरि जम्मा प्राप्त हुने अनुमानित रकम रु २४,०५,००,०००/- (चौबिस करोड पाँच लाख) तोकि आए बमोजिमको शीर्षकहरुमा खर्च गर्ने गरी व्यवस्था मिलाएको छु ।

**(छ) नेपाल सरकार, प्रदेश सरकार, दातृ निकाय, विभिन्न संघसंस्था तथा निकायबाट प्राप्त हुने अनुदान तथा ऋण समेत**

यस शीर्षक अन्तर्गत गाउँ क्षेत्रभित्र संचालन गरिने विभिन्न थप योजना तथा कार्यक्रमहरु संचालन गर्नका लागि आवश्यक पर्ने रकम नेपाल सरकार, प्रदेश सरकार, विभिन्न दातृ निकाय, विभिन्न संघ

संस्था समेतवाट दुवै पक्षको आपसी समझदारी पत्रमा उल्लेख भए बमोजिम तोकिएको क्षेत्रमा कार्य गर्ने गरी प्राप्त हुने अनुमानित अनुदान तथा ऋण रकम खर्च गर्ने गरि विनियोजन गरेको छु ।

**सभाध्यक्ष महोदय,**

**गाउँसभा सदस्य ज्यूहरु,**

अब यस कचनकवल गाउँपालिकाले संचालन गर्ने योजना तथा कार्यक्रमहरु तर्फ सशर्त, वित्तीय समानिकरण, राजस्व वाँडफँट, सवारी कर वाँडफाँट, प्राकृतिक स्रोत वाँडफाँट लगायतका शीर्षकहरुबाट आ.व. २०७९/०८० का लागि तपसिल बमाजिमका शीर्षकहरुमा देहाय अनुसार खर्च गर्ने गरि यस सम्मानित गाउँसभा समक्ष वजेट विनियोजन गरि पेश गरेको छु ।

## १. कृषि तथा पशुपन्क्षी विकास कार्यक्रम तर्फ

कृषिका विभिन्न पकेट क्षेत्रहरु, कृषि औजार तथा सामग्री  लगायत उन्नत मलबिउको व्यवस्थापन, चाक्लाबन्दी खेती, अर्गानिक खेती, कृषि तथा पशुपन्छी विमा, कृषि रणनीति तयार, कृषि प्रविधिको विस्तार, स्यालो ट्यूवेल जडान (साना सिचाँई), नस्ल सुधार कार्यक्रम, दुध संकलन केन्द्र स्थापना, नगदे वाली प्रोत्साहन, कृषि व्यवसाय प्रोत्साहन अनुदान, कृषि भण्डार केन्द्रको स्थापना, कृषि वजारको विस्तार, रैथाने वाली संरक्षण, कृषि चुनाको प्रयोग सहयोग कार्यक्रम, छाडा चौपायालाई रेविज रोग विरुद्धको सिविर संचालन, कृषक उत्पादन प्रोत्साहन कार्यक्रम, व्यवसायिक पशुपालन कार्यक्रमलाई सहयोग, स्थानीय स्तरमा हुन सक्ने सम्भावित  कृषि तथा पशुजन्य उत्पादनलाई प्रवर्द्धन गर्न वडागत रुपमा तथा गाउँपालिका स्तरवाट समेत कार्यान्वयन हुने गरी रु १,५०,००,०००/- (अक्षरेपी एक करोड पचास लाख)  वजेटको व्यवस्था गरेको छु ।

## २. शिक्षा सम्बन्धी कार्यक्रम तर्फ

यस गाउँपालिकाको शैक्षिक गुणस्तर अभिवृद्धि गर्दै, शैक्षिक गन्तव्य तर्फ अघि बढ्न, शैक्षिक गुणस्तरलाई वृद्धि गर्न, विज्ञ टोली सहितको अनुगमन, आई.सी.टी. सहितको शैक्षिक सूचना केन्द्रको स्थापना, विद्यालय क्षेत्रको विकास कार्यक्रमहरु संचालन गर्न, गाउँपालिका स्तरीय वार्षिक परीक्षा संचालन गर्न, जिर्ण भएका विद्यालयको पुन निर्माण गर्न, विद्यालयमा स्काउट कार्यक्रम संचालन गर्न, नमूना विद्यालय तथा प्राविधिक शिक्षालाई प्रभावकारी ढङ्गले संचालन गर्नलाई रु १,००,००,०००/- ( एक करोड) विनियोजन गरेको छु ।

## ३. स्वस्थ्य सम्बन्धी कार्यक्रम तर्फ

घरमा प्रसुतिरहित पालिका घोषणा गर्न, विशेषज्ञ सेवा, लागु औषध दुर्व्यशनी न्युनिकरण, ज्येष्ठ नागरिक स्वास्थ्य सेवा कार्यक्रम, पोषणमैत्री पालिका, सर्पदंश केन्द्रको स्तरोन्नती, स्वास्थ्य स्वयंसेविका क्षमता

विकास, औषधि व्यवस्थापन, विपन्न समुदायलाई स्वास्थ्य विमा कार्यक्रम, स्वास्थ्यकर्मी तथा स्वयंसेविकालाई सम्मान कार्यक्रम, सुत्केरी पोषण कार्यक्रम, ज्येष्ठ नागरिक, गर्भवती महिलालाई निःशुल्क एम्बुलेन्स सहयोग कार्यक्रम, स्वास्थ्य केन्द्रमा आवश्यक उपकरण, वर्थिङ्ग सेन्टर व्यवस्थापन, सरुवा रोग नियन्त्रण, फोहोरमैला व्यवस्थापन, महिलाहरुको पाठेघर सम्बन्धी निःशुल्क परिक्षण, प्राथमिक स्वास्थ्य केन्द्र बनियानीमा अक्सिजन प्लान्ट, भेन्टिलेटर, अल्ट्रासाउन्ड सेवा संचालन गर्न तथा स्वास्थ्य विमा कार्यक्रम समेतका लागि रु १,३५,००,०००/- (एक करोड पैंतीस लाख) विनियोजन गरेको छु ।

### ४. खानेपानी सेवा कार्यक्रम तर्फ

गाउँपालिकामा शुद्द खानेपानीको पहुँचबाट टाढा रहेका जनतालाई खानेपानीको सेवा उपलब्ध गराउनका साथै गाउँका सबै घरमा स्वच्छ खानेपानी पुर्‍याउने गाउँपालिकाको नीति बमोजिम यस अन्तर्गत ट्यूवेल वितरण तथा जडान गर्न रु ५,००,०००/- ( अक्षरेपी पाँच लाख) वजेट विनियोजन गरेको छु ।

### ५. वन, वातावरण, संस्कृति तथा पर्यटन विकास र प्रवर्द्धन तथा सहकारी कार्यक्रम तर्फ

संस्कृति तथा पर्यटन प्रवर्द्धन कार्यक्रम संघीय सरकार, प्रदेश सरकार, र स्थनीय संघ संस्थाको सहयोग र समन्वयमा संचालन गरिने छ । यसका लागि एकमुष्ठ रु ५०,००,०००/- ( अक्षरेपी पचास लाख) विनियोजन गरेको छु । सहकारी प्रवर्द्धन तथा विकासका लागि यसै शीर्षकबाट वजेट विनियोजन गरेको छु । राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको रुपमा रहेको नेपालको होचो भू-भाग कचनकवल, केचना झिल, चारकोशे जंगल विकास गर्नका लागि संघीय सरकारको साझेदारीमा सम्पन्न गरिने आयोजनालाई प्रथमिकता दिदैं कार्यान्वयन गरिने छ ।

### ६. खेलकुद विकास तथा व्यवस्थापन कार्यक्रमतर्फ

खेलकुदको माध्यमवाट गाउँपालिकालाई परिचित गराउदैं नेपालको होचो भू-भाग कचनकवलको पर्यटन प्रवर्द्धन गर्न समेत खेलकुदलाई प्रोत्साहित गर्न, खेल प्रतिभालाई प्रस्फुटन गराउने उद्देश्यले खेलकुद क्षेत्रको समग्र विकासका लागि खर्च गर्ने गरि रु २०,००,०००/-( अक्षरेपी बीस लाख) वजेट विनियोजन गरेको छु ।

### ७. महिला बालबालिका ज्येष्ठ नागरिक तथा लक्षित वर्ग र संस्थागत सहयोग तर्फ

यस शीर्षक अन्तर्गत लैङ्गिक समानता तथा पछाडी परेका वर्गहरुलाई विभिन्न गोष्ठि, सेमिनार तथा सीप मूलक तालिम, क्षमता विकास, गन्धर्व समुदाय आय आर्जन कार्यक्रम, टायल्स फिटिङ्ग, सिकर्मी, डकर्मी, धारा, विजुली, पाइपलाइन, सिलाई कटाई, आर्ट्स तालिम, बालबालिका प्रतिभा प्रस्फुटन कार्यक्रम, वाल क्लव गठन, विपन्न र सिमान्तकृत, दलित समुदायमा उच्च शिक्षामा सहयोग कार्यक्रम संचालन, महिला उद्यमी सहयोग कार्यक्रम संचालन गर्नका लागि चेतनाको वृद्धि गर्न लक्षित वर्गका लागि रु ५०,००,०००/- (अक्षरेपी रु पचास लाख) वजेट विनियोजन गरेको छु ।

## ८. भौतिक पूर्वाधार, सडक निर्माण, भवन निर्माण एवं स्तरोन्नती

वडा स्तरीय पूर्वाधार योजना तथा कार्यक्रमको चालु तथा पूँजीगत खर्चतर्फ सम्पुर्ण वडाहरुलाई न्यूनतम अनुदान भौगोलिक तथा जनसंख्याको आधारमा बाँडफाँट हुने गरि रु ५,३५,००,०००/- ( अक्षरेपी पाँच करोड पैतिस लाख ) वजेट विनियोजन गरेको छु ।

## ९. फोहोरमैला व्यवस्थापन

गाउँपालिका अन्तर्गतका चोक, वजार, विद्यालयमा फोहोरमैला व्यवस्थापन गरि स्वच्छ वातावरण तयार गर्न रु ५,००,०००/- ( अक्षरेपी रु पाँच लाख) विनियोजन गरेको छु ।

## १०. नदी नियन्त्रण तथा तटबन्धन कार्यक्रम

यस गाउँपालिकाको मेची, विरिङ्ग, भुतेनी, वालुवा खोला नियन्त्रण गर्न तथा तटबन्धन गर्न रु ५०,००,०००/- ( अक्षरेपी रु पचास लाख ) विनियोजन गरेको छु ।

## ११. गाउँपालिका साझेदारी कार्यक्रम

यस आ.व. २०७९/०८० मा गाउँपालिकाले संघिय सरकार, प्रदेश सरकार, गैर सरकारी निकाय, सामाजिक संघ संस्थासंग साझेदारी कार्यक्रम संचालन गर्नका लागि रु १००,००,०००/- (अक्षरेपी रु एक करोड ) विनियोजन गरेको छु ।

## १२. शुसाशन तथा संस्थागत क्षमता विकास

गाउँपालिका तथा वडावाट सर्वसाधारणलाई प्रदान गरिने सेवालाई छिटो, छरितो ढङ्गले सेवा प्रदान गर्नलाई अनुगमन, निरिक्षण, सार्वजनिक सुनुवाई, शुसाशन तथा संस्थागत क्षमता विकास तथा व्यवस्थापन गर्न रु १५,००,०००/- ( अक्षेरपी रु पन्ध्र लाख) विनियोजन गरेको छु ।

## १३. विपद व्यवस्थापन

यस गाउँपालिकामा प्राकृतिक विपत्तीको सामाना गर्न तथा विपद प्रतिकार्य योजनाहरु संचालन गरि नागरिकलाई राहत तथा उद्धार सहयोग गर्नका लागि विपत व्यवस्थापन कोषमा रु ३०,००,०००/- ( अक्षरेपी रु तीस लाख) विनियोजन गरेको छु ।

## १४.मर्मत सम्भार

गाउँपालिकाका सडक पूर्वाधारको नियमित मर्मत सम्भार गरि आम नागरिकहरुको जीवन यापन सरल गर्नका लागि आवश्यक वजेट रु १,००,००,०००/- ( अक्षरेपी एक करोड ) विनियोजन गरेको छु ।

## १५. सूचना प्रविधि तथा सञ्चार कार्यक्रम

गाउँपालिकाको सूचना प्रविधिलाई नियमित तथा समय सापेक्ष बनाउन यस आर्थिक वर्ष २०७९/०८० मा खर्च हुने अनुमानित रकम रु २०,००,०००/- ( अक्षरेपी बीस लाख ) विनियोजन गरेको छु ।

## १६. न्यायिक समिति

गाउँपालिकाको न्यायिक कार्य संपादनलाई प्रभावकारी बनाउँदै वडा मेलमिलाप केन्द्र स्थापना संचालन, न्यायिक तालिम व्यवस्थापन, आवश्यकीय  सामग्री खरिद, प्रोत्साहन तथा कार्यालय व्यवस्थापनका लागि रु १५,००,०००/- ( अक्षरेपी पन्ध्र लाख) विनियोजन गरेको छु ।

## १७. विद्युत विस्तार तथा वैकल्पिक उर्जा

उक्त कार्यक्रम अन्तर्गत यस गाउँपालिकामा संचालित सामुदायिक विद्युत, सोलार सिस्टम, कृषि क्षेत्रमा विद्युत विस्तार गर्नका लागि रु ३०,००,०००/- ( अक्षरेपी तीस लाख) विनियोजन गरेको छु ।

## १८.  गउँपालिका र वडाको चालु खर्च

कर्मचारीहरुको पारिश्रमिक तलब भत्ता, जनप्रतिनीधिहरुको सेवा सुविधा, बैठक भत्ता, लगायत गाउपालिका र सात वटै वडाहरु समेतको कार्यालय संचालन गर्न चालु खर्चका लागि रु ११,५०,००,०००/- ( एघार करोड पचास) विनियोजन गरेको छु ।

## १९. दायित्वमा रहने योजना

यस गाउँपालिकावाट दायित्वमा रहेका योजनाहरुलाई भूक्तानी दिन अनुमानित रु ३०,००,०००/-(तीस लाख) विनियोजन गरेको छु ।

## २०.संघीय सरकारका सशर्त कार्यक्रम

नेपाल सरकारबाट सशर्त चालू शीर्षकमा प्राप्त रु. २२७८०००००। (बाईस करोड अठहत्तर लाख तथा पूजिगत सशर्त शीर्षकमा प्राप्त रु.१२७०००००। (एक करोड सत्ताईस लाख) गरि कुल रु. २४,०५,००,०००/- (चौबिस करोड पाँच लाख) सशर्त कार्यक्रममा तोकिए बमोजिम तत्तत् क्षेत्रहरुमा खर्च हुने गरि विनियोजन गरेको छु ।

## २१.वडाहरुबाट घोषित कार्यक्रम

स्थानीयतह सदस्य दोश्रो निर्वाचन २०७९ पश्चात नवनिर्वाचित वडाध्यक्ष्यज्यूहरुबाट घोषित मृत्यु संस्कार सम्पन्न गर्न र सुत्केरी महिलाहरुलाई सहायता स्वरुप प्रदान गरिने सहयोगका लागि रु.३००००००।(तीस लाख) विनियोजन गरेको छु ।

## २२. राष्ट्रिय भूमि आयोगको कार्यक्रम संचालन

राष्ट्रिय भूमि आयोग सम्बन्धि स्थानीयस्तरमा लगत तथा तथ्यांक संकलन र प्राविधिक व्यवस्थापन गरि भूमिहीन व्यक्तिहरुलई धनीपूर्जा वितरण गर्ने कार्यमा रु.१५०००००।(पन्ध्र लाख) विनियोजन गरेको छु ।

## २३. गम्भीर प्रकारका दीर्घ रोगी उपचार (शोध भर्ना) कोष

नेपाल सरकारबाट घोषित क्यान्सर, मृगौला, मेरुदण्ड पक्षघात, तथा मुटुको गम्भीर रोग लागि उपचाररत स्थानीय नागरिकहरुलाई मासिक रुपमा दिईने आर्थिक सहायतास्वरुपको नेपाल सरकार, स्वास्थ्य मन्त्रालयबाट शोधभर्ना हुने रकमको कोष खडा गरि रोग पिडित नागरिकहरुलाई राहत प्रदान गर्न रु.३४४०००। बराबरको शोधभर्ना कोष खडा गरी सोही शीर्षकमा रकम विनियोजन गरेको छु ।

## २४.वडाको पूँजिगत अनुदान

गाउँ कार्यपालिकाको बैठकमा छलफल भए बमोजिम सबै वडा कार्यालयहरुलाई विकास निर्माण तर्फ कामका लागि समानुपातिक दरले एकमुष्ठ रु.३५००००००।(तीन करोड पचास लाख) रकम विनियोजन गरेको छु । वडाको समानुपातिक चालू खर्चतर्फकको रकम गा. पा. को चालू खर्च शीर्षकमा नै विनियोजन गरेको छु ।

सभाध्यक्ष महोदय,

गाउँ सभा सदस्य ज्यूहरु,

अब,

म आर्थिक वर्ष २०७०९/०८० को नीति तथा कार्यक्रममा उल्लेख भए बमोजिको परिधि भित्र रहने गरि खर्च गर्न विनियोजित कुल वजेटवाट हाल सम्म विभिन्न चालु तथा पूँजीगत शीर्षकहरुमा प्राप्त हुने राजस्व तथा अन्य कुल आम्दानी र सो बमोजिम खर्चहरुको आय व्ययको पेस भएको प्रस्तुत सन्तुलित बजेटको सारांश विववरण यस सम्मानित गाउँ सभाबाट पारित गरिदिनु हुन हार्दिक अनुरोध गर्दै तथा बजेटको विस्तृत खाका सहितको विवरण बजेट किताबमा पछि प्रस्तुत गर्ने प्रतिवद्धत सहित याहाँहरुसँग विदा हुने अनुमति चाहान्छु । धन्यवाद

**आ. व. २०७९।०८० को कचनकवल गाउपालिकाको आय व्यय विवरणको सारांश:**

| आयतर्फ | | | व्ययतर्फ | | | कैफियत |
|---|---|---|---|---|---|---|
| क्र.सं. | श्रोतको विवरण | रकम (रु.) | क्र.सं. | क्षेत्रगत विवरण | विनियोजित रकम रु. | |
| १ | संघीय समानिकरण अनुदान | १४३१००००० | १ | कृषि तथा पशुपंछी विकास कार्यक्रम | १५०००००० | |
| २ | संघीय सशर्त अनुदान चालू | २२७८००००० | २ | शिक्षा विकास कार्यक्रम | १०००००००० | |
| ३ | संघीय सशर्त अनुदान पूँजीगत | १२७०००००० | ३ | स्वास्थ्य सेवा,विमा कार्यक्रम सहित | १३५००००० | |
| ४ | संघीय राजस्व बाँडफाँड | १०६७४४००० | ४ | वन,वातावरण,संस्कृति, पर्यटन, सहकारी | ५०००००० | |
| ५ | प्रदेश सरकार समानीकरण अनुदान | १०००००००० | ५ | खेलकुद विकास तथा व्यवस्थापन | २०००००० | |
| ६ | प्रदेश सरकार राजस्व बाँडफाँड | ८०००००० | ६ | महिला,बालबालिका,ज्येष्ठ नागरिक तथा लक्षित वर्ग | ५०००००० | |
| ७ | गा.पा.आन्तरिक श्रोत | २०००००००० | ७ | भौतिक पूर्वाधार,सडक तथा भवन निर्माण एवं स्तरोन्नती | ५२५००००० | |
| ८ | गत आ.व. को अनुमानित अ.ल्या. | १०००००००० | ८ | गाउँपालिका साझेदारी कार्यक्रम | १०००००००० | |
| ९ | विभिन्न दातृ निकाय | | ९ | विपद व्यवस्थापन | ३०००००० | |
| १० | सामाजिक सुरक्षा कार्यक्रम सशर्त | | १० | खानेपानी व्यवस्थापन | ५००००० | |
| कुल | | ५३८३४४००० | ११ | फोहोरमैला व्यवस्थापन | ५००००० | |
| | | | १२ | नदी नियन्त्रण तथा तटबन्धन | ५०००००० | |
| | | | १३ | भौतिक पूर्वाधार मर्मत् संभार | १०००००००० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | १४ | सूचना प्रविधि तथा संचार व्यवस्थापन | २०००००० | |
| | | | १५ | सुशासन तथा संस्थागत क्षमता विकास | १५००००० | |
| | | | १६ | न्यायिक समिति व्यवस्थापन | १५००००० | |
| | | | १७ | गा पा चालूखर्च | ११५०००००० | |
| | | | १८ | विद्युत विकास तथा वैकल्पिक उर्जा | ३०००००० | |
| | | | १९ | दायित्व योजना भुक्तानी | ३०००००० | |
| | | | २० | संघीय सरकार सशर्त कार्यक्रम | २२७८००००० | |
| | | | २१ | संघीय सशर्तक पूजिगत | १२७००००० | |
| | | | २२ | सामाजिक सुरक्षा कार्यक्रम (सशर्त) | | |
| | | | २३ | वडाहरुको घोषित कार्यक्रम (मृत्यु, सुत्केरी) | ३०००००० | |
| | | | २४ | राष्ट्रिय भूमि आयोग कार्यक्रम | १५००००० | |
| | | | २५ | गम्भीर प्रकारका दीघरोगी उपचार राहत( शोधभर्ना) कोष | ३४४००० | |
| | | | २६ | वडाको पूँजीगत अनुदान | ३५०००००० | |
| | | | | कुल जम्मा | ५३८३४४००० | |

मिति : २०७९/०३/१० गते

**वजेट पेश गर्ने**
उपाध्यक्ष
नवराज भट्टराई
कचनकवल गाउँपालिका
बनियानी, झापा